ईन्द्रावती गाउँपालिकाको दोस्रो गाउँ सभाको चौथो अधिवेशनमा गाउँ पालिकाका उपाध्यक्ष श्री सोभना तामाङज्यू वाट प्रस्तुत संक्षिप्त बजेट मन्तव्य

**मिति २०८०।०३।१० गते**
**समय दिनको ११.०० वजे**
**स्थान गाउँपालिकाको सभा हल**

**यस गरिमामय सभाका सभाध्यक्ष एवं गाउँपालिका अध्यक्ष श्री झम्क नाथ नेपाल ज्यू, उपस्थित सभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, पत्रकार महानुभावहरु तथा नागरिक समाजका सदस्यज्यूहरु ।**

१. आज मिति २०८० असार १० गते आइतवार बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, ईन्द्रावती गाउँपालिकाको आगामी आ.व. २०८०/८१ को बजेट वक्तव्य प्रस्तुत गर्न यस गरिमामय सभा समक्ष उपस्थित भएको छु । यस खुसीको अवसरमा जनआन्दोलन, जनयुद्ध, लगायतका राजनैतिक अधिकार प्राप्तीका लागि भएका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको लागि कामना गर्दै वेपत्ता नागरिकहरु प्रति सम्मानपूर्वक नमन गर्न चाहन्छु । साथै मुलुकको राजनैतिक आर्थिक एवं सामाजिक परिवर्तनमा युगान्तकारी रुपले नेतृत्वदायी भूमिका खेल्नु हुने महानुभावहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२. आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं गाउँपालिकाको आवधिक योजना, प्रथम पञ्चवर्षिय योजना, स्विकृत ऐन, नियम, कार्यविधिहरु, मार्गदर्शन र विभिन्न बैठक तथा छलफलबाट प्राप्त भएको सुझावहरु समेतलाई समावेश गरी गाउँपालिका वासीहरुको समग्र आर्थिक समृद्धि, सामाजिक न्याय सुनिश्चितता र समानुपातिक तथा समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा तर्जुमा गरेको छु ।

३. नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरे बमोजिम भएको मिति २०७९ वैसाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनबाट स्थानीय सरकारका प्रतिनिधिको रुपमा हामी निर्वाचित भएको १३ महिने अवधिमा नै संस्थागत विकास गर्ने आफ्नो गाउँपालिका वासीहरुको लागि छिटो छरितो र प्रभावकारी सेवा घरदैलोमा नै प्रदान गर्ने सुशासनको अनुभूति प्रदान गर्ने कार्यमा हाम्रो ध्यान केन्द्रित भएको छ । आवश्यक पूर्वाधारहरुको निर्माण तथा जनशक्ति व्यवस्थापन गर्दै नागरिकहरु प्रतिको कर्तव्य र दायित्वलाई वहन गर्दै आई रहेका छौं ।

४. संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गर्दै आफ्नो अधिकार क्षेत्रभित्र रहेर ऐन, नियम, कार्यविधिहरुको निर्माण गरी कानुनी शासन सञ्चालनका लागि आवश्यक पृष्ठभूमि तयार गरीएको छ । यसरी कानून प्रदत्त कार्यका लागि जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता वृद्धिमा समेत ध्यान दिइएको छ ।

५. हाल विश्वव्यापी आर्थिक मन्दीको कारण हाम्रो देशमा समेत त्यसको प्रत्यक्ष असर भईरहेको विषम परिस्थितिमा समेत गाउँपालिकाले पालिकावासीहरुका लागि प्रवाह गर्नुपर्ने सेवा, सुविधालाई उच्च प्राथमिकता दिएर बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ । स्थानीय वेराजगारीलाइ न्यूनिकण गर्दै गरिबी कम गर्न यो बजेट महत्वपूर्ण हुनेछ ।

६. वार्षिक नीति तथा बजेट कार्यक्रम तर्जुमाको क्रममा तथ्याङ्कको आधार लिईएको छ । नेपालको पन्ध्रौं योजना (आ.व. २०७६/७७ देखि आ.व. २०८०/८१) प्रमुख मार्गदर्शनको रुपमा लिएको छु । साथै गाउँपालिकाको प्रथम पञ्च वर्षिय योजना, आवधिक योजना, यातायात गुरु योजना, पर्यटन गुरु योजना, दिगो विकासका लक्ष्यहरु अन्तराष्ट्रिय सन्धी सम्झौताहरु, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु समेतलाई आधार मानेको छु । यस बजेट तथा कार्यक्रमले गाउँपालिकावासीहरुको समग्र हितमा टेवा पुग्ने विश्वास लिएको छु ।

**आदरणीय अध्यक्ष महोदय,**

७. विगत तथा चालु आ.व. मा भएको घाटा बजेट व्यवस्थापन समेत मध्यनजर गरी आगामी आ.व. २०८०/०८१का लागि वित्तीय परिचालन र खर्च अनुमान गर्दा वित्तीय सन्तुलन कायम गर्ने उद्देश्य लिई सोही अनुरुप बजेट तथा कार्यक्रमहरु तर्जुमा गरि विनियोजन गरेको छु । **आ.व. २०८०/०८१ का लागि कूल रु.७८ करोड ४६ लाख ६७ हजारको बजेट प्रस्ताव** पेश गरेको छु ।

आ.व.२०८०।२०८१ **आय तर्फ देहाय अनुसार विनियोजन गरेकी छु ।** रु हजारमा

| **शिर्षक** | **२०८०।२०८१ को अनुमान** | **कैफियत** |
|---|---|---|
| **राजश्व (आन्तरिक आम्दानी)** | | |
| • आन्तरिक राजश्व | १०००० एक करोड | |
| • राजश्व वाँडफाडवाट प्राप्त रकम (नदीजन्य पदार्थ) | १३१९९९ । तेह करोड उन्नाइस लाख उनान्नसय हजार | |

| | | |
|---|---|---|
| अन्य आम्दानी (उपभोक्ता नगद सहभागिता ) | ० | |
| ● अन्तर सरकारी वित्तीय हस्तान्तरण | ० | |
| ● नेपाल सरकारवाट प्राप्त (वित्तीय समानिकरण अनुदान) | १३८००० तेह करोड असी लाख मात्र | |
| ● नेपाल सरकारवाट प्राप्त ( राजश्व वाडफाड) | ८३८०५ आठ करोड अठतिस लाख पाँच हजार मात्र | |
| ● प्रदेश सरकारवाट (वित्तीय समानिकरण अनुदान) | १४८२५ एक करोड अटचालिस लाख पच्चिस हजार मात्र | |
| ● प्रदेश सरकावाट प्राप्त ( राजश्व वाडफाड) | २८००० दुइ करोड असी लाख | |
| ● सशर्त अनुदान ( संघ ) | २४८७०० चौविस करोड सतासी लाख मात्र | |
| ● सशर्त अनुदान (प्रदेश) | २८८३८ दुइ करोड अठासि लाख अटतिस हजार मात्र | |
| ● प्रदेश समपुरक अनुदान | ० | |
| ● प्रदेश विशेष अनुदान | ० | |
| ● संघीय विशेष अनुदान | ५५०० पचपन्न लाख मात्र | |
| ● संघ समपुरक अनुदान | १०००० एक करोड | |
| अन्य आय ( प्रदेश केन्द्रवाट प्राप्त हुने वा वैक वाँकी ) | | |
| ● थप राजश्व वाँडफाँड अनुदान( केन्द्र,वन,रोयल्टी र प्रदेश घर जग्गा रजिष्टेशन | ५००० पचास लाख | |
| ● आन्तरिक वैंक वाँकी | | |
| अन्य आम्दानी | ८०००० आठ करोड | |
| जम्मा | ७८४६६७ अठहत्तर करोड छयालिस लाख सतसठी हजार मात्र | |

संघीय सरकारवाट वित्तीय समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान समपुरक अनुदान, राजस्व बाँडफाँडबाट कूल रकम रु. ४४ करोड ५३ लाख ६२ हजार प्राप्त भएको छ। प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान, समपुरक अनुदान, राजस्व बाँडफाँड प्राप्ति गरी कूल रकम रु. ४ करोड ३६ लाख ६२ हजार प्राप्त भएको छ। साथै आन्तरिक आय, दहत्तर, बहत्तर रोयल्टी, मालपोत रजिष्ट्रेशन तथा न्यून वित्त समेत गरी रु.१४ करोड ६९ लाख ९९ हजार हुने अनुमान गरेको छु। जसमा घाटा बजेट, अन्य आय, मौज्दात/रकम समेतको बजेट रकम रु.८०००० आठ करोड प्रस्ताब गरिएको छ।

८. चालु खर्च तर्फ शिक्षा, स्वास्थ्य लगायत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रु.४१ करोड ३३ लाख ६३ हजार विनियोजन विनियोजन गरेको छ। भने पुँजीगत तर्फ ३७ करोड १३ लाख ४ हजार विनियोजन गरेको छ। जसमा चालु खर्चको रकम ५२ दशमलब ६८ प्रतिशत रहेको छ भने पुँजी खर्चको रकम ४७ दशमलब ३२ प्रतिशत रहेको छ।

| **विवरण** | **बजेट रु हजार** | **प्रतिशत** |
|---|---|---|
| कुल प्रस्तावित बजेट | ७८४६६७ अठहत्तर करोड छयालीस लाख सतसठी हजार | १०० |
| चालु बजेट जम्मा | ४१३३६३। एकचालिस करोड तेतिस लाख त्रिसठी हजार मात्र | ५२।६८ |

| | | |
|---|---|---|
| पुजिगत बजेट जम्मा | ३७१३०४। सैतिस करोड तेह लाख चार हजार मात्र | ४७३२ |

२०८०।२०८१ को व्यय तर्फ देहाय अनुसार प्रस्ताव गरेकी छु।

| क स | व्यय शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रशासनिक खर्च | वाह करोड साठि लाख १२६००० | |
| २ | भुक्तानी दिन वाँकी योजना | पाँच करोड ५०००० | |
| ३ | समपुरक संघ | एक करोड १०००० | |
| ४ | विशेष अनुदान संघ | पचपन्न लाख ५५०० | |
| ५ | वडागत सिमा रकम | सात करोड चालिस लाख ७४००० | |
| ६ | गै.स.स लागत साझेदारी | एक करोड १०००० | |
| ७ | विभिन्न कोषहरु (विपद ,व्यवस्थापन विदुत, खानेपानी मर्मत, वालवालिका अपांगता, वातावरण संरक्षण भैपरी आउने ) | दुइ करोड चालिस लाख २४००० | |
| ८ | गाउँपालिकावाट समपुरक | दूइ करोड २०००० | |
| ९ | ससर्त अनुदान संघ | चौविस करोड सतासी लाख २४८७०० | |
| १० | ससर्त अनुदान प्रदेश | दुइ करोड अठासी लाख अटतिस हजार २८८३८ | |
| ११ | सीमागत व्यय जम्मा | उन्नासाठि करोड सत्तरी लाख अटतिस हजार मात्र ५९७०३८ | |
| १२ | विषयगत शाखा | नौ करोड वीस लाख एकचालिस हजार मात्र ९२०४१ | |
| | र पालिका स्तरिय योजनाको लागी वचत | नौ करोड पचपन्न लाख अठासी हजार मात्र ९५५८८ | |
| | कुल व्यय | अठहत्तर करोड छयालीस लाख सतसठी मात्र ७८४६६७ | |

**अन्तमा**

ईन्द्रावती गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक गाउँपालिका विकास योजना तर्जुमाको क्रममा सहयोग पुऱ्याउनु हुने सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सम्बद्ध सबै पक्षलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। साथै यस बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सम्बद्ध सबै पक्षबाट सदा झैं सहयोग पाउने अपेक्षा गर्दछु।

**धन्यवाद।**

**सोभना तामाङ्ग**
**उपाध्यक्ष**
**ईन्दावती गाउँपालिका सिन्धुपाल्चोक**